**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके। ०७७ जेठ ५ गते**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार प्रदेश ५ मा जेठ ५ गतेसम्म ९ हजार १ सय ३२ जनाको आरडीटी परीक्षण गरिएको छ। १२ हजार ८ सय १५ जना क्वारेण्टाइनमा रहेका छन्। भने १ सय ७० जना आइसोलेशनमा रहेका छन्। भेरी अस्पतालमा गरिएको पिसिआर परीक्षणमा जेठ ५ गते बाँकेका ५८ जना पुरूष र १ जना महिला गरी ५९ जनामा कोराना भाइरस पुष्टी भएको छ। यसैगरी दाङमा एक जना र गुल्मीमा एक जनामा कोरोना पुष्टी भएको छ। प्रदेश ५ मा सङ्क्रमितको सङ्ख्या १ सय ७१ पुगेको छ। जसमध्ये एक जना निको भएका छन्। भने बाँकेमा एक जनाको जेठ ४ गते मृत्यु भएको छ। गुल्मी मदाने गाउँपालिका-६ का ४१ वर्षीय पुरूषको बुटवलस्थित क्रिमशन अस्पतालको भेन्टिलेटरमा उपचार भइरहेको र कोरोना विशेष अस्पतालमा लैजान छलफल भइरहेको बुझिएको छ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार दाङ घर भएका एक जनाको धुलीखेलमा गरिएको परीक्षणमा कोरोना भाइरस पुष्टी भएको स्वास्थ्य मन्त्रालयले जनाएपनि कुन ठाँउका हुन भन्ने विषयमा खोजी भइरहेको छ।
भारतबाट आउनेहरूलाई मध्येनजर गर्दै घोराही उपमनपा-१४ ले क्वारेण्टाइन निर्माण गर्ने भनेको विद्यालय र धर्मशालामा स्थानीयहरुले तालावन्दी गरेका छन। कोइलावास र कृष्णनगर भन्सारमा अलपत्र परेका र थप आउनेक्रम बढेको भन्दै घोराही उपमनपाले हरेक वडामा क्वारेण्टाइन बनाउने निर्णय गरेको थियो। वडा नम्बर १४ को शुभप्रभात मावि नयाँबजार र कल्पु धर्मशाला बैंकरोडमा क्वारेण्टाइन बनाउने निर्णय गरेको थियो। घनावस्ती भएको र मुख्य बजार रहेको ठाउँमा सम्भावित सङ्क्रमितलाई ल्याउन नहुने भन्दै स्थानीयले जेठ ४ गतेदेखि शुभप्रभात माविको गेट र कल्पु धर्मशालामा छुट्टा छुट्टै तालाबन्दी गरी धर्ना बसेको वडाध्यक्ष शक्तिराम डाँगीले जानकारी दिनुभयो। स्थानीयको विरोधपछि क्वारेण्टाइन कहाँ बनाउने भन्नेमा अन्यौल रहेको छ। वडाभित्र अन्य सार्वजनिक स्थान तथा भवन नरहेको र अर्को वडामा लैजान पनि नसकिने भएकाले सहमतिकालागि छलफल भइरहेको वडा कार्यालयले जनाएको छ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसालका** अनुसार भारतबाट आउदै गरेका १८ जनालाई भूमिकास्थान नपाले अर्घाखाँची र कपिलवस्तुको सिमाना पथ्थरकोबाटोबाट उद्धार गरेको छ। चार दिनदेखि हिडदै आएका उनीहरू १० जना अर्घाखाँचीका र आठ जना प्यूठान जिल्लाका रहेको उपमेयर खडानन्द वेल्वासेले जानकारी दिनुभयो। स्थानीय तहले क्वारेण्टाइनको क्षमता वृद्धि गर्न लागेको छन्।
जिल्लाका ६ वटै स्थानीय तहले बाटो अवरुद्ध गर्नुको साथै प्रवेश निषेध गरेका छन्। जसका कारण औषधि , तरकारी दुध बोकेका सवारी साधन, र एम्बुलेन्स समेतलाई आवत जावत गर्न कठिनाइ भएको छ। कोरोना भाइरस नियन्त्रणका लागि गरिएको प्रयास सकरात्मक भए पनि कानुन अनुसार सार्वजनिक बाटो अवरोध गर्न पाइदैन ।
कोरोना भाइरसको सङ्क्रमणबाट बचाउन सबै स्थानीय तहले विशेष सङ्रक्षण कलष्टर निमार्ण गरि महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता लक्षित कार्य योजना निमार्ण गरि कोरोना विरूद्धमा काम गर्नुपर्ने, क्वारेण्टाइन र आइसोलेशन समावेशी किसिमको बनाउनु पर्ने भएपनि महिला

बालबालिका तथा ज्येष्ठ नागरिकल मन्त्रालयले, अपाङ्गता ज्येष्ठ नागरिक महिला, बालबालिकालाई सम्वोधन गर्न बनेको मागनिर्देशन २०७७ मा उल्लेख भए पनि स्थानीय तहले कार्ययोजना अवलम्बन गरेका छैनन् ।
होटल तथा रेष्टुरेष्ट व्यवसायी सङ्घले आफुहरूले बैंक ब्याज र घरभाडा तिर्न नसकेको हुँदा घर भाडा छुट र बैंक ब्याजको लागि सरकारले विशेष प्याकेज मार्फत सुहुलियत दिन सरकारसँग माग गरेका छन् ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार बढैयाताल गाउँपालिका-८ शितलाबजार नजिक गुलरिया नपा- ११ सँग जोडिएको हुलाकी राजमार्गमा कोरोना भाइरस सङ्क्रमित क्षेत्रका बासिन्दा प्रवेश हुन नदिन चेकजाँच कडाइ गरिएको छ । सिमामा चेकपोष्ट स्थापना गरी बाटोमा आवतजावत गर्ने सर्वसाधारणलाई सुरक्षाकर्मी र स्वयम्सेवक सोधपुछ गर्ने गरेका छन् ।
गुलरिया नपा- ११ लालपुरमा कोरोना सङ्क्रमित भेटिएपछि उक्त ठाउँका सर्वसाधारणहरुलाई बढैयाताल गाउँपालिकाले संक्रमण फैलिन सक्ने भन्दै कडाइ गरिएको बढैयाताल गाउँपालिकाका प्रशासकीय अधिकृत अर्जुन सुवेदीले बताउनु भयो । अत्यावश्यक काममा जानेको अभिलेख राखेर जान दिइएको सुवेदीले बताउनु भयो ।
जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख गोकर्ण गिरीले पछिल्लो सङ्क्रमितका घरका २२ जना र आफन्तको ३४ जनाको स्वाब सङ्कलन गरी पिसिआर परीक्षणको लागि नेपालगञ्ज पठाइसकेको बताउनु भयो । जेठ ५ गते पनि सोही ठाउँका ३० जनको स्वाव सङ्कलन गर्न टोली फिल्डमै रहेको गिरीले बताउनु भयो । उनीहरूको रिपोर्टका आधारमा कोरोना भाइरस विरूद्धको अभियानलाई अगाडि बढाउन तयारी अवस्थामा रहेको गिरीले बताउनु भयो । हाल लालपुर क्षेत्र सुरक्षाकर्मी परिचालन गरी सिल गरिएको छ ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार भारतबाट भित्रिनेको सङ्ख्या बढ्दै गएपछि जिल्लाका क्वारेण्टाइनमा बस्नेको सङ्ख्या बढेको छ । क्वारेण्टाइन व्यवस्थापन गर्न स्थानीय तहलाई चुनौती बनेको छ ।
सुस्ता गाउँपालिकाका ५५ जनाको स्वाब पिसिआर परीक्षणकालागि भैरहवास्थित प्रयोगशालामा पठाइएको छ । पिसिआर परीक्षणका लागि स्वाब सङ्कलन गरि प्रयोगशालासम्म पुर्याउन आवश्यक भिटिएम किट पर्याप्त नहुँदा स्वाब सङकलनको गति सुस्त भएको स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्लामा हालसम्म ३ सय ९६ जनाको मात्र कारोना परीक्षण भएको छ । भने १ जनामा कारोना सङ्क्रमण पुष्टी भएको छ ।
रुपन्देही ०७७ जेठ ५ गते ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार तिलोत्तमा नपा - ६ मणिग्राममा रहेको क्रिमशन अस्पतालमा उपचाररत गुल्मी मदाने गाउँपालिका-६ ४१ वर्षीय पुरुषमा कोरोना पुष्टि भएपछि अस्पताल शिल गरिएको छ । जेठ १ गते ज्वरो र रुघाखोकी देखिएपछि उपचारको लागि क्रिमशन अस्पतालमा भर्ना भएका थिए । उनको भेन्टीलेटरमा राखेर उपचार भई रहेको छ ।
उनको अहिले पनि सोही अस्पतालको आईसियूमा भर्ना भई उपचार गराईरहेको जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीका भेक्टर कन्ट्रोलर निरिक्षक केदारनाथ शाहले बताउनु भयो ।

पेशाले  शिक्षक रहेका जण्डिसको उपचारका लागि अस्पताल भर्ना भएका थिए । उपचारको क्रममा कोरोनासँग मिल्ने  लक्षण पाईएपछि अस्पतालबाटै जेठ २ गते स्वाब सङ्कलन गरि परीक्षणको लागि पठाइएको थियो । उहाँले अध्यापन गराउने विद्यालयमा क्वारेण्टाइन सञ्चालन गरिएकोले त्यहीबाट सङ्क्रमण भएको हुनसक्ने आशङ्का गरिएको शाहले बताउनु भयो ।
त्यसै गरी भैरहवामा रहेको भिम अस्पतालको आइसोलेसनमा २१ जना कोरोनाको संक्रमित रहेको र जसमध्ये तीन जना महिलाहरु र १८ जना पुरुषहरु रहनुभएको छ । सबैको अवस्था सामान्य रहेको कोरोना फोकल पर्सन डा.सुमित प्रजापतिले बताउनुभयो ।
जिल्लाको दुइवटा कोरोना विशेष अस्पतालमा जम्मा ५७ जना कोरोना संक्रमित रहेको र आज थप एक जनासँगै रुपन्देहीमा संक्रमितको संख्या ५८ रहेको जिल्ला स्वास्थ्य कार्यालयका भेक्टर कन्ट्रोलर केदारनाथ शाहले बताउनुभयो । संक्रमितको संख्या बढेसँगै जिल्लामा लकडाउनलाई थप कडाइ गरिएको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार का अनुसार जिल्ला प्रशासन कार्यालयले कोरोना सङ्क्रमण उच्च जोखिम बढेको भन्दै १५ दिन जिल्लालाई शिल गरेको छ । जिल्ला प्रशासन कार्यालयमा बसेको कोरोना बिपद ब्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको संयुक्त बैठकले जेठ २० गते मध्यरातसम्म जिल्लालाई सिल गर्ने  निर्णय गरेको हो ।
हप्ताको तीन दिन सोमवार, बुधवार र शनिवार बिहान ७ वजे देखि ९ बजेसम्म तरकारी र खाद्यान्न खरिदका लागि समय छुट्याएको छ । जिल्लामा आवत जावतमा निषेध गरिएको छ । अत्यावश्यक बाहेका सबै उद्योगधन्दा कलकारखाना, सवारी साधानमा पूर्ण रोक लगाइएको छ ।
स्थानीय प्रशासन ऐन २०२८ दफा ६ (३) क र सङ्क्रमण रोग ऐन २०२० को दफा २ (१) अनुसार जिल्ला सिल गरिएको हो । जिल्ला प्रशासन कार्यालयले पासमा समेत कडाइ गरेको छ । जेठ ५ गते सम्म कोरोना सङ्क्रमितको सङ्ख्या  ४३ जना रहेको छ ।
यसोधरा गाउँपालिका- ८ खोरियाको क्वारेण्टाइनबाट  भागेका ४५ जना व्यक्तिलाई घर घरमा गएर पुनः क्वारेण्टाइनमा  व्यवस्थापन गरेको छ । १४ दिन पुग्दा समेत पिसिआर परीक्षण नगरेपछि उनीहरू भागेको  हुन सक्ने अध्यक्ष गिरिजेश कुमार पाण्डेयले बताउनु भयो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार मदाने गाउँपालिका- ६ का ४१ वर्षीय पुरूषमा कोरोना सङ्क्रमणको पुष्टी भएको छ ।  प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्मामा अध्यक्षतामा बसेको जिल्ला स्तरीय कोरोना सङ्कट व्यवस्थापन केन्द्रको बैठकले मदाने गाउँपालिका जेठ ५ गते देखि अर्को सूचना नहुँदासम्म सिल गर्ने निर्णय गरेको छ । सङ्क्रमितको रोग र यात्राको सम्पूर्ण विवरण अध्ययन गरेर कन्ट्याक्ट ट्रेसिङ गर्न  गाउँपालिकालाई अनुरोध गर्ने र आवश्यक सहयोग जिल्ला सङ्कट व्यस्थापन केन्द्रले गर्ने, उपचारमा सङ्लग्न स्वास्थ्यकर्मी र परिवार र सम्पर्कमा आएका सबैको आरडिटी र पिसिआर परीक्षण गर्ने निर्णय गरिएको प्रजिअ शर्माले बताउनु भयो  ।
यसैगरी तत्काल पिसिआरको भिटिएम उपलब्ध गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने, गुल्मी जिल्लामा गरिएको सिमाको सिल जेठ ६ गते मध्येरातसम्म कायम राख्ने र गुल्मी अस्पतालको ओपिडी जेठ ६ र ७ गते बन्द गर्ने निर्णय गरेको छ  ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार जेठ ५ गते कोरोना भाइरस पुष्टी भएका नरैनापुर गाउँपालिकाका सङ्क्रमितहरू क्वारेण्टाइनमै रहेका छन् ।  उनीहरूलाई आइसोलेशनमा

राख्नुपर्नेमा स्थानीय तह र प्रशासनले व्यवस्थापन गर्न सकेको छैन । कोरोना पुष्टी भएकासँगै अन्य क्वारेण्टाइनमा रहेका समेत भएकाले सङ्क्रमणको जोखिम बढेको छ । बाँकेमा एकै दिन ५८ जनामा कोरोना सङ्क्रमण भेट्टिएको हो ।

**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**